# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७६/७७









## १०औं वार्षिक साधारण सभा


Lutheran Community welfare society(LCWS) 2066

**लुथरन सामुदायिक कल्याण समाज (LCWS)**

रँगेली नगरपालिका–२, लक्ष्मीपुर, मोरङ

Email: lcwsmorang2@gmail.com

# १. कार्यक्षेत्र










**गाउँपालिका तथा नगरपालिकाहरू:**

**मोरङ्:**

**धनपालथान गाउँपालिका**

**रँगेली नगरपालिका**

**सुनवर्षी नगरपालिका**

**कानेपोखरी गाउँपालिका**

**झापा:**

**कमल गाउँपालिका**

**शिवसताक्षी नगरपालिका**

# २. सँस्थाको परिचयः

राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रुपले पछाडी पारिएका अधिकारवालाहरुको सवाललाई प्रबर्द्धन गर्दै सँस्थागत रुपमा अधिकारमुखी विकास यात्रामा तथा मानवीय सेवा कार्य उदेश्यका लागि स्थापित लुथरन सामुदायिक कल्याण समाज सन् २०१० मा स्थापना भएको हो । लुथरन सामुदायिक कल्याण समाज एक मुनाफा रहित, गैह्रसरकारी जनहितकारी सामाजिक सँस्था हो । समुदायका पिछडिएका वर्गहरुको अधिकार प्राप्ति, जिविकोपार्जनमा सुधार तथा विभिन्न सरकारी सेवासुविधाको अवसरहरुमा पहुँच अभिवृद्धिका लागि कानुनी रुपमा सन् फेब्रुअरी-१०, २०१० जिल्ला प्रशासन कार्यलय, विराटनगरमा दर्ता भएको थियो, यसैगरि सन् मार्च-४, २०१० मा समाज कल्याण परिषदमा दर्ता भएको थियो ।

हाल लुथरन विश्व फेडेरेसन, नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मोरङ्ग जिल्लाका रँगेली नगरपालिका, सुनवर्षी नगरपालिका, कानेपोखरी नगरपालिका, धनपालथान नगरपालिका र जहदा नगरपालिका तथा झापा जिल्लाका कमल गाउँपालिका र शिवसताक्षी नगरपालिकामा सन्थाल तथा मुसहर समुदाय लगायत समुदायका पिछडिएका वर्गहरुको बिचमा विपद जोखिम न्यूनीकरण, दिगो जिविकोपार्जन र असल सुशासन तथा सामाजिक जवाफदेहिता, लक्षित वर्गको सँस्थागत विकास र खानेपानी तथा सरसफाई सम्बन्धमा विभिन्न कामहरु गर्दै आइरहेको छ । सँस्थाको केन्द्रीय कार्यलय रँगेली नगरपालिका वार्ड नं. २, लक्ष्मीपुरमा अवस्थित रहेको छ र झापा जिल्लाका लागि शाखा कार्यलय कमल गाउँपालिका वार्ड नं. ३, क्याम्पा चौकमा अवस्थित रहेको छ ।

**सँस्थाको दूरदृष्टिः**

अति पछि पारिएका दलित, आदिवासी जनजाति, अल्पसंख्यक र सिमान्तकृत तथा पिछडिएका समुदायलाई विकासको मूल धारमा ल्याई राष्ट्रको सक्षम नागरिकको रुपमा स्थापित गर्नु ।

**सँस्थाको ध्येयः**

परमेश्वरको प्रेमले उत्प्रेरित भई समाजमा शान्ति, सदभाव, धार्मिक मेलमिलापको वातावरण सिर्जना गर्ने; लक्षित समुदायको क्षमता अभिवृद्धि गरि राष्ट्रको मूलधारमा ल्याउने र विकास प्रक्रिया तथा जीवनशैली सुधारमा सहयोग गर्ने ।

**सँस्थाको लक्ष्य (गोल):**

सामाजिक तथा आर्थिक सशक्तिकरणद्वारा अति पछि पारिएका समुदायहरुको उत्थान गर्ने ।

**सँस्थाको मूल्य मान्यताहरुः**

- हामी मानवताको पक्षमा उभिन्छौं,
- हामी न्यायलाई बढावा दिन्छौं,
- हामी पारदर्शितामा विश्वास विश्वास गर्छौं,
- हामी जवाफदेही छौं,
- हामी इश्वरको कृपामा विश्वास राख्छौं ।

**सँस्थामा कार्यरत कर्मचारी विवरणः**

जम्मा कर्मचारी सँख्याः १७, महिलाः ६, पुरुषः ११

# ३. सँस्थाद्वारा सञ्चालित परियोजनाहरू:

## ३.१ नेपाल विकास परियोजना (NDP)

### ३.१.१ परियोजनाको परिचय:

लुथरन विश्व फेडेरेसन, नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा लुथरन सामुदायिक कल्याण समाजले मोरङ्ग जिल्लाका रँगेली नगरपालिका वार्ड नं. १ र २, कानेपोखरी गाऊँपालिकाको वार्ड नं. १ र २, जहदा गाउँपालिकाको वार्ड नं. ४, ५ र ७ मा **नेपाल विकास परियोजना'** सञ्चालन गरिरहेको छ। यस परियोजनाका प्रमुख उदेश्य तथा क्षेत्रहरु यसप्रकार रहेका छन्:

- विपद जोजिम न्यूनीकरण, आकस्मिक तयारी तथा प्रतिकार्य,
- दिगो जिविकोपार्जन, स्वास्थ्य तथा सरसफाई,
- सुशासन र न्यायका निम्ति समुदायको अगुवाइमा सञ्चालित कार्य,
- सँस्थागत विकास तथा क्षमता अभिवृद्धि ।

परियोजना सञ्चालनका दौरानमा हालसम्म समुदायमा लक्षित वर्गहरुको ३६ समुहहरुको गठन गरिएका छन्, जुन समुहमा जम्मा ६०५ (पूरुष-६३ र महिला-५४२) जना सदस्यहरु प्रत्यक्ष रुपमा आबद्ध रहेका छन् । उनीहरुको परिवार सँख्या जम्मा ३१०७ (पुरुष १४५१ तथा महिला १६५६) रहेका छन् । उनीहरु मासिक बचत तथा वैठकमा सहभागी भई समुदायका समस्या तथा विभिन्न सवालहरुमा छलफल गरि निर्णयहरु बनाउने गर्दछन्। हालसम्म समुहरुको बचत रु. ९,२९,१४७।- रहेको छ भने उक्त रकमबाट रु. ८,५२,९५०।- समुदायमा परिचालन गरिएको छ । ६२६ घरपरिवार सदस्यहरुले ३ वटा सहकारीहरुमा आबद्ध भई आर्थिक क्रियाकलापमा सहभागी भएका छन्। हालसम्म ती सहकारीहरुको पूँजी जम्मा रु. ३३,५४,९७७।- रहेको छ र उक्त रकमबाट रु. २९,०६,९९५।- समुदायमा विभिन्न उद्यमशीलताका क्षेत्रहरुमा लगानी भएका छन् । परियोजनाबाट प्राप्त हुने सहयोगहरुको विश्लेषण तथा लाभान्वित सदस्यको छनौटमा समुह सदस्यहरुको महत्वपूर्ण निर्णय तथा भूमिकाहरु रहँदै आएको छ ।

यस आर्थिक वर्ष २०१९ मा परियोजनाका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुबाट प्रत्यक्ष रुपमा ७२६३ जना समुदायका सदस्यहरु लाभान्वित भएका छन्, जसमा पूरुष-३२१४, महिला ४१४९, अपाङ्गता भएका व्यक्ति-४८८, युवाहरु-२५७३ तथा बालबालिकाहरु-२३४२ जना विभिन्न कार्यक्रमहरुमा सहभागी भएका थिए। माथि उल्लेखित सँख्यात्मक डाटाहरु वर्ष २०१९ भरी कार्यन्वायन भएका सम्पूर्ण कार्यक्रमहरुमा प्रत्यक्ष रुपमा सहभागी भई लाभप्राप्त लक्षितवर्गहरुको सँख्या हो ।

### ३.१.२ परियोजनाका प्रमुख उपलब्धीहरू:

#### ३.१.२.१ विपद जोजिम न्यूनीकरण, आकस्मिक तयारी तथा प्रतिकार्य:

विपद जोखिम न्यूनीकरण र आकस्मिक तयारी तथा प्रतिकार्यका लागि समुदाय स्तरमा विभिन्न तरिकाहरु अपनाइएको छ । समुदायमा समुह गठन पश्चात 'पीसीभीए'को माध्यमबाट २० वटा विपद व्यवस्थापन समितिहरुको निर्माण गरिएको थियो र उनीहरुको विपद व्यवस्थापन योजनाको निर्माण गरिएको थियो । प्रत्येक वि.व्य.स.हरुमा पूर्वसुचना तथा चेतावनी कार्यदल, उद्धार कार्यदल, राहत कार्यदल, प्राथमिक उपचार कार्यदल र क्षति विश्लेषण कार्यदल गरि जम्मा ५-५ वटा कार्यदलहरुको गठन गरिएको छ। हालको अवस्थामा २० वटा वि.व्य.स. हरुमा १५८ पूरुष र ३७९ महिला गरि जम्मा ५३७ जना समुदायका सदस्यहरु आबद्ध रहेका छन् ।

मोरङ् जिल्लाको कानेपोखरी गाउँपालिका तथा जहदा गाउँपालिकामा गाउँपालिका स्तरीय अपाङ्गता समावेशीमुलक विपद व्यवस्थापन पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण सम्पन्न गरिएका छ । उक्त कार्ययोजना निर्माण गर्न गाउँपालिकाका जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत विभिन्न विषयगत क्षेत्रका प्रतिनिधिहरुको सामुहिक प्रयासमा सम्पन्न गरिएको हो । विषयगत क्षेत्र अन्तर्गत निम्न ९ कुराहरु पर्दछन्: समन्वय र सञ्चार (खोज तथा उद्धार), खाद्यान्न व्यवस्थापन, खानेपानी तथा सरसफाई, स्वास्थ्य तथा पोषण, गैह्र-खाद्य सामग्री, आवार तथा शिविर व्यवस्थापन, संरक्षण तथा परामर्श, बन्दोबस्ती र आपतकालिन शिक्षा । ३ वटा विपद जोखिम न्युनीकरण र खानेपानी तथा सरसफाई विषयमा जनचेतनामुलक होर्डिङ्ग बोर्डको स्थापना गरिएको छ । आपतकालिन प्रतिकार्यलाई बढावा दिन यस वर्ष रँगेली नगरपालिका क्षेत्रका शीतलहरबाट प्रभावित १०० घरधुरीहरुलाई न्यानो कपडा (ब्ल्याङ्केट) वितरण गरिएको छ साथै जहदा गाउँपालिका कार्यक्षेत्रका ७८ बाढीपीडित घरधुरीहरुलाई राहत सामग्री वितरण गरिएको छ ।

'विपद जोजिम न्यूनीकरण, आकस्मिक तयारी तथा प्रतिकार्य' क्षेत्रमा कार्यन्वायन गरिएका क्रियाकलाप तथा प्राप्त उपलब्धीहरुबारे थप जानकारी तलको तालिकामा संक्षेपमा प्रस्तुत गरिएको छ ।

**तालिका १**

| सि.नं. | क्रियाकलाप | इकाई | प्राप्त लक्ष्य |
|---|---|---|---|
| १ | विपद व्यवस्थापन समिति तथा कार्यदलकाको पीसिभिए टुल्सद्वारा समीक्षा | वि.व्य.स | १० |
| २ | विपद व्यवस्थापन समिति निर्माण तथा योजना निर्माण | वि.व्य.स | २ |
| ३ | विपद व्यवस्थापन समिति सदस्य तथा कार्यदलहरुलाई विपद जोखिम न्युनीकरण विषयक पुनर्ताजगी तालिम | तालिम | ८ |
| ४ | सामुदायिक अन्न भण्डारको स्थापना | | ५ |
| ५ | गाउँपालिका तथा नगरपालिका स्तरीय सरोकार निकायसँगको सहकार्यमा वि.व्य.स.का विपद जोखिम न्युनीकरण योजनाहरुलाई सहयोग | स्किम | ४ |
| ६ | विद्यालय व्यवस्थापन समिति (क्लब) स्थापना वा पुनर्ताजगी तालिम | विद्यालय | ७ |
| ७ | विद्यालय विपद व्यवस्थापन समितिका कार्ययोजनाहरुलाई सहयोग | | ४ |
| ८ | आपतकालिन कोषहरुको स्थापना | वि.व्य.स | ६ |
| ९ | विपद व्यवस्थापन समितिहरुलाई विपद जोखिम न्यूनीकरण सामग्री सहयोग | वि.व्य.स | ५ |
| १० | स्थानीय सरोकार निकाय तथा समुदायमा आधारित संस्थाहरुलाई विपद जोखिम न्युनीकरण सामग्री सहयोग | संस्था | १ |
| ११ | गाउँपालिका तथा नगरपालिकाहरुलाई अपाङ्गता समावेशीमुलक विपद व्यवस्थापन कार्ययोजना निर्माणका लागि सहयोग | गाउँपालिका तथा नगरपालिका | २ |
| १२ | विपद जोखिम न्युनीकरण र खानेपानी तथा सरसफाई विषयमा जनचेतनामुलक होर्डिङ्ग बोर्डको स्थापना | स्कीम | ३ |
| १३ | शीतलहरबाट प्रभावित घरधुरीहरुलाई न्यानो कपडा (ब्ल्याङ्केट) वितरण | लाभान्वित घरधुरी | १०० |
| १४ | बाढीबाट प्रभावित विपन्न घरधुरीहरुलाई राहत सामग्री वितरण | लाभान्वित घरधुरी | ७८ |

### ३.१.२.२ दिगो जिविकोपार्जन र खानेपानी तथा सरसफाई:

समुदायका लक्षित वर्गको मर्यादित जीवनको लागि साथै आर्थिक वृद्धिबाट उनीहरुको गुणस्तरीय जीवनयापनका लागि परियोजना मार्फत दिगो जिविकोपार्जनका विभिन्न माध्यमहरुलाई परियोजनाले प्रयोग

गर्दै आइरहेको छ । समुदायका परिवारका सदस्यहरुको क्षमता विकास, सिप विकास गरि अर्थोपार्जनका क्रियाकलापहरुमा सहभागी गराई उनीहरुलाई आत्मनिर्भर बनाउने उदेश्य यस परियोजनाले राखेको छ । आर्थिक उन्नतिबाट मात्र समुदायको सामाजिक, शैक्षिक, स्वास्थ्य तथा पोषणको सुनिश्चितता हुन सक्दछ भन्ने कुरा परियोजनाको विशेष मान्यता रहेको छ । साथै स्वास्थ्य तथा सरसफाईमा स्थानीय समुदायको पहुँचका लागि व्यक्तिगत सरसफाई र खानेपानीमा परियोजना मार्फत विभिन्न क्रियाकलापहरु सँचालन गरिएका छन् ।

व्यवस्थित खोर निर्माण सहित ३० घरधुरीहरुले बंगुरपालन व्यासाय सुरु गरेका छन् । अर्थोपार्जनका लागि १३ समुह सदस्यहरुलाई विभिन्न व्यापार व्यवसाय स्थापना गरी औसतमा मासिक रु. १५,०००।- भन्दा बढी आम्दानी गरिरहेका छन्, जसमा ९ जनालाई शारीरिक अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । ११ जना समुदायका सदस्यहरुलाई लामो तथा छोटो अवधिका सीपमुलक तालिमहरु प्रदान गरिएको छ, जसबाट विभिन्न सरकारी गैह्रसरकारी संस्थाहरुमा रोजगार प्राप्त गर्नेछन् र आफैं व्यवसाय प्रारम्भ गरी वार्षिक रुपमा रु. ६०,०००।- भन्दा बढी आम्दानी गर्न सक्षम हुनेछन् । यस कार्यक्रमले धेरैजना वैदेशिक रोजगारीमा जानका लागि पनि एकदमै सहज बनाएको छ । कानेपोखरी-२, दलेलीका ३० घरपरिवारहरुलाई व्यवसायिक तरकारी खेती प्रबर्द्धनको लागि बीउविजन, सिँचाई सहयोग साथै कृषि प्राविधिक सहयोग प्रदान गर्रिदै आइएको छ । जसबाट हाल उनीहरुले करिब ११० कठ्ठा जमिनमा मौसमी व्यवसायिक तरकारी खेती गरिरहेका छन् र अन्य सिजनमा अन्नबाली खेती गर्दै आएका छन् ।

खानेपानी तथा सरसफाईको सवालमा परियोजना मार्फत समुदायमा २ वटा खानेपानी कल जडान गरिएको छ र थप १० कल जडान गर्नलाई समुदाय सदस्यहरुलाई उत्प्रेरणा प्रदान गरिएको छ, जसबाट ५२ घरधुरीहरुले खानेपानीको श्रोतमा पहुँच अभिवृद्धि भएको छ । विभिन्न ठाउँहरुमा आयोजना गरिएको 'विश्व हात धुलाई दिवस' र खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतनामुलक भित्तेलेखन कार्यक्रम तथा स्थापना गरिएको होर्डिङ्ग बोर्डबाट समुदायलाई स्वच्छ खानेपानी तथा सरसफाई विषयमा जनचेतना अभिवृद्धि गरिएको थियो। जसको फलस्वरुप धनपालथान, जहदा तथा रँगेली नगरपालिका क्षेत्रमा गरिएका 'खुल्ला दिसा मुक्त क्षेत्र' अभियानमा लुथरन सामुदायिक कल्याण समाजको अतुलनीय योगदानहरुलाई मुल्याङ्कन गर्दै कदर-पत्र प्रदान पनि गरिएको छ ।

'सन्थाल तथा मुसहर सशक्तिकरण तथा क्षमता अभिवृद्धि परियोजना मार्फत दिगो जिविकोपार्जन र खानेपानी तथा सरसफाई क्षेत्रमा गरिएका थम क्रियाकलाप तथा उपलब्धीहरुको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २**

| सि.नं. | क्रियाकलाप | इकाई | सँख्या |
|---|---|---|---|
| १ | खोर निर्माण सहित पशुपालन सहयोग | घरधुरी | ३० |
| २ | कृषकहरुलाई व्यवसायिक तरकारी र एस.आर.आई प्रविधिबाट धान खेती सहयोग | घरधुरी | १०७ |
| ३ | व्यवसायिक तरकारी खेतीका लागि सिँचाई सहयोग | स्कीम | १४ |
| ४ | कृषिजन्य व्यवसाय तथा खेतीका लागि प्राविधिक सहयोग | महिना | ६ |
| ५ | अगुवा कृषकहरुलाई माछापालन सामग्री सहयोग | स्कीम | १ |
| ६ | बेमौसमी तरकारी खेतीका लागि कृषकहरुलाई टनेल फार्मिङ्ग सहयोग | घरधुरी | ६ |
| ७ | सँकलन केन्द्रको स्थापना (गत वर्षको बाँकी निर्माण कार्य सम्पन्न) | केन्द्र | १ |
| ८ | समुदायलाई खानेपानी कल निर्माण सहयोग | कल | २ |
| ९ | समुदायलाई चर्पी निर्माण सहयोग | घरधुरी | २५ |
| १० | खानेपानी तथा सरसफाई प्रबर्द्धनमुलक व्यवसायको स्थापना | घरधुरी | १ |
| ११ | व्यवहारमा परिवर्तनका लागि सरसफाई अभियान (हात धुलाई दिवस) | अभियान | ३ |

| | | | |
|---|---|---|---|
| १२ | खानेपानी तथा सरसफाई सम्बन्धि जनचेतनाका लागि भित्तालेखन कार्यक्रम | भित्तालेखन | ४ |
| १३ | सरकारी विद्यालयहरुलाई बालबालिका तथा अपाङ्गमैत्री शौचालय मर्मत तथा निर्माण सहयोग | विद्यालय | १ |
| १४ | समुदाय तथा विद्यालयहरुलाई बायोस्याण्ड वाटर फिल्टर सहयोग | स्कीम | ४ |
| १५ | छोटो अवधिका सीपमुलक प्राविधिक तालिम सहयोग | व्यक्ति | ८ |
| १६ | लामो अवधिका सीपमुलक प्राविधिक तालिम सहयोग | व्यक्ति | ३ |
| १७ | व्यापार व्यवसाय स्थापना सहयोग | घरधुरी | १३ |
| १८ | ढाकी बुनाई व्यवसायीहरुलाई विशिष्ट तालिम | तालिम | १ |

### ३.१.२.३ सुशासन र न्यायका निम्ति समुदायको अगुवाईमा सञ्चालित कार्य:

विपद जोखिम न्यनीकरण, दिगो जिविकोपार्जनमा सकरात्मक प्रभाव पार्न तथा अधिकार प्राप्तिका आवाजहरु बुलन्द पार्न साथै स्थानीय श्रोतहरुमा पहुँच अभिवृद्धि, सँस्थागत रुपमा पारदर्शिता तथा जवाफदेहिताका लागि समुह, सहकारी तथा समुदायमा आधारित सँस्थाहरुको सुदृढीकरण भएको हुनुपर्दछ । स्थानीय सेवा-सुविधा प्राप्त गर्दै तथा पारदर्शिता र जवाफदेहितालाई अवलम्बन गर्दै समुह, सहकारी, विपद व्यवस्थापन समिति लगायत स्थानीय समुदायमा आधारित संस्थाहरुको विपद जोखिम न्युनीकरण तथा आकष्मिक प्रतिकार्य तयारीमा पहुँच (प्रभाव) वृद्धि हुनु अति नै आवश्यक रहेको छ । लक्षित वर्गहरुको समुदायमा जात, लिङ्ग, उमेर तथा अपाङ्गतामा आधारित भेदभावहरु तथा हिंसामा कमी ल्याउन लुथरन सामुदायिक कल्याण समाज सँधै प्रतिबद्ध रहेको छ ।

यसै सन्दर्भमा कार्यक्षेत्रका लक्षित वर्गका गरिब तथा निम्न स्तरका समुदायलाई स्रोत तथा सेवामा समान पहुँच बनाउन तथा अधिकारवालाले जिम्मेवारीका साथ अधिकार दाबी गर्नसक्ने क्षमता विकासमा मदत गर्न लुथरन विश्व फेडेरेसनको आर्थिक तथा प्राविधिक सहयोगमा लुथरन सामुदायिक कल्याण समाजले स्थानीय तथा जिल्ला स्तरमा जिम्मेवार निकायसँग समन्वय गरि उनीहरुको सेवा र भूमिकामा सुधार ल्याउन विभिन्न गोष्ठी आयोजना तथा पैरवी कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । झापा तथा मोरङ जिल्लामा स्थापित संथाल-मुसहर सँस्थाहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अधिकारमुखी अभियानहरुमा सहाभागी भई आफ्नो हक अधिकारको लागि आवाज उठाएका छन् । राष्ट्रिय दलित नेटवर्कसँगको सहकार्यमा इटहरीमा आयोजित ‘प्रथम दलित संसद’मा प्रदेश नं. १ मूख्यमन्त्री तथा सांसदहरुलाई आफ्नो समुदायको हक अधिकारको लागि नेपाल ऋषिवंशी जनकल्याण संघ-मोरङ र नेपाल ऋषिवंशी विकास संघ झापाले ज्ञापन पत्र बुझाएका छन् ।

यसैगरी, स्थानीय समुदायमा आधारित संस्थाहरु, समुहहरु, विपद व्यवस्थापन समितिहरु, सहकारीहरु लगायत अपाङ्ग समितिहरुलाई स्थानीय निकायमा मागपत्र पेश गर्नका लागि संस्थागत प्रतिनिधिहरुको क्षमता अभिवृद्धि गरिएको छ, जसको कारणले स्थानीय सरकार लगायत अन्य सरोकारवाला निकायबाट शिक्षामा छात्रवृत्ति, स्वास्थ्य उपचार लगायत जिविकोपार्जनका लागि थुप्रै अवसरहरुमाथि स्थानीय जनसमुदायको पहुँच अभिवृद्धि भएको छ । ‘सुशासन र न्यायका निम्ति समुदायको अगुवाईमा सञ्चालिक कार्य’ अन्तर्गत सँचालन गरिएका क्रियाकलापहरुको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३**

| सिं.नं | क्रियाकलाप | इकाई | सँख्या |
|---|---|---|---|
| १ | गाऊँपालिका तथा नगरपालिका तह (स्थानीय जनप्रतिनिधिहरु माझ) मा परियोजना तथा कार्यक्रमहरुको परिचयात्मक कार्यक्रम | बैठक | २ |

| | | | |
|---|---|---|---|
| २ | स्थानीय सरोकार निकायसँग परियोजनाको सामुहिक अनुगमन तथा मूल्याङ्कन भ्रमण | भ्रमण तथा वैठक | १ |
| ३ | खानेपानीको श्रोत जिर्णोद्धार तथा सरसफाईका लागि विद्यालयलाई सहयोग | समिति | १ |
| ४ | विद्यालयहरुलाई शैक्षिक सामग्री सहयोग | विद्यालय | २ |
| ५ | गाउँपालिका तथा नगरपालिका क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता परिचय पत्र प्राप्त गर्न तथा नवीकरणका लागि प्राविधिक सहयोग | गाउँपालिका | ६६ |
| ६ | सहकारीहरुलाई प्राविधिक सहयोग | तालिम | ८ |
| ७ | स्थानीय, जिल्ला स्तरीय तथा राष्ट्रिय स्तरमा सन्थाल-मुसहर समुदायको अधिकार प्राप्तिका लागि पैरवी कार्यक्रम | | ३ |
| ८ | श्रोत प्राप्ति पहलका लागि स्थानीय निकायमा समुदायमा आधारित सँस्थाहरुबाट बुझाइएको योजना तथा ज्ञापनपत्र | योजना | ३१ |
| ९ | मानव अधिकार विरुद्धका मुद्धाहरुलाई सम्बन्धित निकायबाट सम्बोधनका लागि गरिएको पहलकदमी | मुद्धाहरु | ७ |
| १० | गाउँपालिका तथा नगरपालिका स्तरीय अपाङ्गता भएका व्यक्तिहरुको सँस्थासँग सहकार्य | समुदायमा आधारित सँस्था | ३ |
| ११ | आधारभूत तहका विद्यार्थीहरुका लागि ट्युसन कक्षा सञ्चालन | कक्षा, सेन्टर | ३ |

### ३.१.२.४ सँस्थागत विकास तथा क्षमता अभिवृद्धिः

आधारभूत मानवीय सिद्धान्त, अन्तर्राष्ट्रिय नीति नियम, सरकारी तथा दातृनिकायहरुका प्रावधानहरुलाई अवलम्बन गर्दै समयमा नै परियोजनाका कार्यक्रम तथा सेवाहरु गुणस्तरीय तथा जवाफदेही रुपमा कार्यन्वायन गर्नका लागि सँस्थामा प्रभावकारी तथा कुशल मानवीय स्रोत व्यवस्थापन, कर्मचारीहरुको परिष्कृत कार्यक्षमता तथा प्रस्तुती विषयक सिकाईलाई बढावा दिन लुथरन सामुदायिक कल्याण समाज आफ्ना साझेदार सँस्थाहरुसँग सँधै निकटमा रहेका विभिन्न कार्यक्रमहरु सँचालन गर्ने गर्दछ ।

दीर्घकालिन रुपमा सँस्था सँचालनको निरन्तरताका लागि लक्षित वर्गहरुको सँस्थागत धरातल बलियो नभई सम्भव नहुने तथ्यलाई मध्यनजर गर्दै सन्थाल तथा मुसहर समुदायका सँस्थाहरुलाई स्थानीय तहदेखि जिल्ला स्तरीय तहसम्मको सँस्थागत सबलीकरणका लागि परियोजनाको माध्यमबाट लुथरन सामुदायिक कल्याण समाजले विभिन्न प्रयासहरु गर्दै आइरहेको छ । यसै सन्दर्भमा 'सँस्थागत विकास तथा क्षमता अभिवृद्धि' अन्तर्गत सम्पन्न गरिएको क्रियाकलापहरुको सारसंक्षेप तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| तालिका ४ | | | |
|---|---|---|---|
| **सिं.नं** | **क्रियाकलाप** | **इकाई** | **सँख्या** |
| १ | अर्ध वार्षिक तथा वार्षिक परियोजना समीक्षात्मक वैठक | वैठक | २ |
| २ | अनुगमन मूल्याङ्कन तथा वार्षिक प्रगति विवरण प्रकाशन | प्रकाशन | १ |
| ३ | विभिन्न सवालहरु (भूमि अधिकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सवालगत दिवसहरु)मा अभियान सञ्चालन | अभियान सञ्चालन | १० |
| ४ | अपाङ्गता भएका व्यक्तिहरुका लागि स्थानीय निकायमा उपलब्ध श्रोत तथा सुविधा विषयक एकदिने गोष्ठी | गठन | ३ |
| ५ | सँस्थाका कर्मचारीहरुको ज्ञान तथा कार्यक्षमतामा अभिवृद्धिका लागि विभिन्न तालिमहरुका सहभागिता | तालिम | ८ |

## ३.२ 'सन्थाल तथा मुसहरहरूको उत्थानशील जीवनका लागि जिविकोपार्जन परियोजना (SABAL)'

### ३.२.१ परियोजनाको परिचय:

लुथरन विश्व फेडेरेसन, नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा लुथरन सामुदायिक कल्याण समाजले मोरङ्ग जिल्लाका रँगेली नगरपालिकाको वार्ड नं. ३, ४, ५, ६, ७, ८ र ९, सुनवर्षी नगरपालिकाको वार्ड नं. ५, धनपालथान गाउँपालिकाको वार्ड नं. ३, ४, ६ र ७, त्यसगरि झापामा कमल गाउँपालिकाको वार्ड नं. १, २, ४, ५, ६ र ७ तथा शिवसताक्षी नगरपालिकाको वार्ड नं. २ र ६ मा **'सन्थाल तथा मुसहरहरूको उत्थानशील जीवनका लागि जिविकोपार्जन परियोजना (सबल)'** सञ्चालन गरिरहेको छ। यस परियोजनाका प्रमुख उदेश्य तथा क्षेत्रहरु यसप्रकार रहेका छन्:

- लक्षित वर्गको सँस्थागत विकास तथा क्षमता अभिवृद्धि,
- दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षा,
- स्थानीय श्रोत साधनहरुमा अधिकारवालाहरुको पहुँच अभिवृद्धि।

परियोजना कार्यसञ्चालन तथा लक्षित वर्गको मर्यादित जीवनका लागि तथा उनीहरुको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन कार्यक्षेत्रका समुदाय स्तरमा ७४ वटा समुहहरुको गठन गरिएको छ, जसमा १२८८ समुह सदस्यहरु (घरधुरीहरु), पूरुष-४९, महिला-१२३९) आबद्ध भएका छन्। उनीहरुको पारिवारिक सँख्या विवरण जम्मा ४९५६ (पुरुष-२४७२, महिला-२६१७) रहेका छन्। उनीहरु मासिक बचत तथा वैठकमा सहभागी भई समुदायका समस्या तथा विभिन्न सवालहरुमा छलफल गरि निर्णयहरु बनाउने गर्दछन्। परियोजनाबाट प्राप्त हुने सहयोगहरुको विश्लेषण तथा लाभान्वित सदस्यको छनौटमा समुह सदस्यहरुको महत्वपूर्ण निर्णय तथा भूमिकाहरु रहँदै आएको छ। समुहको बचत रकम रु. १३,१०,१०४।- रहेको छ भने हाल समुदायमा परिचालित रकम रु. १०,०३,२२०।- रहेको छ। झापा तथा मोरङमा ४ वटा सहकारीहरुको स्थापना भई ६१५ सदस्यहरुले आर्थिक कारोबार गरिरहेका छन्, सहकारीको जम्मा पुँजी रकम रु. २५,६६,९००।- रहेको छ भने उक्त रकमबाट रु. २१,४६,३००।- विभिन्न आयमुलक कृषि तथा गैह्रकृषिजन्य व्यापार-व्यवसायमा लगानी भएका छन्।

यस आर्थिक वर्ष २०१९ मा परियोजना तथा यसका विभिन्न कार्यक्रमहरुबाट समुदायमा प्रत्यक्ष रुपमा ३५५५ जना (पुरुष-१४३८, महिला-२११७) सहभागी भई विभिन्न सेवाहरुमार्फत लाभान्वित भएका छन्, जसमा अपाङ्गता भएका व्याक्तिहरु २७० जना, युवाहरु १२५६ जना, बालबालिकाहरु २४३ जना परियोजनाको कुनै न कुनै कार्यक्रममा सहभागी भई परियोजनाको उदेश्य प्राप्तिका लागि सहयोग गरेका छन्। परियोजना सँचालनका दौरान गर्न सकिने सम्भावित सामुहिक प्रयासहरुलाई पहिल्याई तथा सँस्थाको वार्षिक कार्ययोजनाहरु स्थानीय गाउँपालिका तथा नगरपालिकाहरुमा सुसुचित गरी पारदर्शिताको नीति अवलम्बन गर्न झापा तथा मोरङ्ग जिल्लामा जिल्लामा परियोजनाको परिचयात्मक बैठकहरु आयोजना गरिएको थियो। साथै परियोजना वर्षको अन्त्यमा जिल्लास्तरीय तथा स्थानीय जनप्रतिनिधिहरु लगायत अन्य विभिन्न सरोकारवाला निकायहरुसँगको सामुहिक अनुगमन तथा मूल्याङ्कन् भ्रमण सम्पन्न गरिएको छ।

### ३.२.२ परियोजनाका प्रमुख उपलब्धीहरू:

#### ३.२.२.१ लक्षित वर्गको सँस्थागत विकास तथा क्षमता अभिवृद्धि:

झापा तथा मोरङ्का ४ वटा जिल्ला स्तरीय सन्थाल-मुसहर सँस्थाहरुले आफ्नो समुदायको आधारभूत अधिकारका लागि समुदाय तहदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहसम्म विभिन्न अभियान तथा पैरवी कार्यक्रमहरु सँचालन गर्दै आएका छन्। स्थानीय निकायमा उपलब्ध श्रोत तथा सुविधामा पहुँचका लागि सँस्थागत तर्फबाट साथै सामुदायमा आधारित सँस्थाहरुमार्फत मागपत्र तथा ज्ञापन पत्र बुझाउन सन्थाल-मुसहर सँस्थाहरुको क्षमतामा अभिवृद्धि गरिएको छ। सन्थाल-मुसहर समुदायबाट २० जना जनप्रतिनिधिहरुले

आफ्नो समुदायको निम्ति स्थानीय निकायमा निर्णय प्रक्रियामा समेत महत्वपूर्ण योगदानहरु प्रदान गर्दै आएका छन् । जातिय तथा साँस्कृतिक संरचना निर्माणका लागि पहलकदमी गरी स्थानीय निकायबाट बजेट निकासा गर्नलाई महत्वपूर्ण भूमिका खेलिरहेका छन् । जसको कारणले सन्थाल-मुसहर विद्यार्थीहरुले छात्रवृत्ति पाइरहेका छन् र समुदाय सदस्यहरुले चाडपर्वको लागि श्रोत साथै सार्वजनिक विदा पाएका छन् ।

सन्थाल तथा मुसहर सँस्थाको पञ्चवर्षीय रणनीतिक कार्ययोजनाहरुलाई कार्यन्वायन गर्दै जाने क्रममा जिल्ला स्तरीय, गाउँपालिका, नगरपालिका स्तरीय तथा वार्ड स्तरीय समितिहरुको गठन गरिएको छ । यसै वर्षमा सन्थाल समुदायको १० वटा साथै मुसहर समुदायको ९ वटा वार्ड स्तरीय समितिहरुको गठन भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ७ वटा दिवसहरुको अभियानमा ९८८ जना (महिला ६२५, पूरुष ३६३) सन्थाल, मुसहर समुदायका सदस्यहरु लगायत लक्षित वर्गका प्रनिनिधिहरु सहभागी भएका थिए ।

झापामा तथा मोरङमा जम्मा ४ वटा ट्युसन कक्षाहरु सँचालित थिए, जहाँ १०४ जना (केटा-६५ तथा केटी-३९) प्राथमिक तहका विद्यार्थीहरु सँलग्न रहेका थिए । साथै महिलाहरुको सशक्तिकरणका लागि ४ वटा रुपान्तरणीय कक्षाको सँचालन गरिएको थियो जसमा ७५ जना महिलाहरु प्रत्यक्ष रुपमा सहभागी भई आधारभूत शिक्षाको साथै समुदायका विभिन्न सवालहरुमा छलफल गरी समस्या समाधानको लागि महत्पूर्ण भूमिका खेल्न सफल भएका छन् । 'लक्षित वर्गको सँस्थागत विकास तथा क्षमता अभिवृद्धि' उदेश्य अन्तर्गत सम्पन्न गरिएका थप क्रियाकलाप तथा उपलब्धीहरु तलको तालिकामा दिइएको छ ।

तालिका ५

| सिं.नं. | **क्रियाकलाप** | **इकाई** | **सँख्या** |
|---|---|---|---|
| १ | महिला सशक्तिकरणका लागि रुपान्तरणीय कक्षा सँचालन | सेन्टर | ४ |
| २ | सन्थाल जातिय सँस्था प्रतिनिधिहरुको सामुहिक वैठक (रणनीतिक कार्ययोजना, वार्ड समिति गठन आदि विषयक) | वैठक, समिति | १० |
| ३ | मुसहर जातिय सँस्था प्रतिनिधिहरुको सामुहिक वैठक (रणनीतिक कार्ययोजना, वार्ड समिति गठन आदि विषयक) | वैठक, समिति | ९ |
| ४ | समुदायका सदस्यहरु तथा सरोकारवाला निकायका पदाधिकारीहरुको स्थानीय सरकारी सेवा-सुविधा प्राप्तिका लागि अन्तरक्रियात्मक गोष्ठी | तालिम | ३ |
| ५ | विभिन्न सवालहरु (भूमि अधिकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सवालगत दिवसहरु)मा अभियान सञ्चालन | इभेन्ट | ७ |
| ६ | नयाँ तथा पुराना समुहहरुलाई स्टेशनरी सामग्री सहयोग | समुह | १५ |
| ७ | सहकारी व्यवस्थापनका लागि प्राविधिक सहयोग प्राप्त सहकारीहरु | महिना | ९ |
| ८ | व्यवसायिक प्रयोजनका लागि सहकारीहरुलाई बिऊ पुँजी सहयोग | सहकारी | १ |
| ९ | प्राथमिक तहका विद्यार्थीहरुका लागि ट्युसन कक्षा सञ्चालन साथै सञ्चालन सामग्री सहयोग | सेन्टर | ४ |

### ३.२.२.२ दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षाः

आर्थिक तवरले अत्यन्तै दयनीय अवस्थामा रहेका लक्षित वर्गहरुको गरिबी निवारण साथै रोजगारीमा समान अवसरका लागि योग्य हुन चाहिने सीप तथा दक्षता विकासका लागि जिविकोपार्जनका विभिन्न उपायहरुलाई परियोजनाका कार्यक्रमहरु मार्फत अवलम्बन गरिएको छ । गाँस, बाँस र कपासका लागि दैनिक ज्याला मजदुरीमा भर पर्ने समुदायको परम्परागत कृषिका कामहरुलाई र सोचलाई उद्यमशीलता तथा आधुनिक व्यवसायिकतामा परिवर्तन गर्नको लागि कृषि, पशुपालन लगायत रोजगारमुलक सीप विकासका लागि समुदायलाई अग्रसर गराइएको छ ।

लक्षित वर्गको पोषणयुक्त तथा ताजा तरकारीमा पहुँचका लागि तथा स्वस्थ तरकारी सेवन व्यवहारमा परिवर्तन गर्नका लागि समुह सदस्यका घरपरिवाहरुले करेसाबारी तरकारी खेतीको गर्दै आएका छन् । यसै वर्ष मात्र ३७ घरधुरीहरुले लगभग प्रति घरधुरी औसतमा ५ कठठा क्षेत्रफलमा अर्ध-व्यवसायिक तरकारी खेती गरिरहेका छन् । उनीहरुले मौसम अनुसारको तरकारीहरु निरन्तर फलाई रहेका छन् साथै प्रत्येक सिजनमा १ घरधुरी बराबर रु. २५,००० देखि रु. ५०,००० सम्मको आम्दानी गरिरहेका छन् । व्यवसायिक तरकारी खेतीका लागि उनीहरुलाई आधारभुत तरकारी खेती तालिम प्रदान गरिनुका साथै नियमित रुपमा स्थानीय कृषि सेवा केन्द्रहरुबाट प्राविधिक सहयोग पनि उपलब्ध गराइँदै आइएको छ । २० घरधुरीहरुलाई खोर निर्माण सहित पशुपालनका लागि सहयोग गरिएको छ, साथै ८ घरधुरीहरुलाई विभिन्न गैह्रकृषिजन्य व्यवसाय स्थापनाका लागि सहयोग गरिएको छ, जसमार्फत औसतमा प्रत्येक घरधुरीले मासिक रु. १५,०००।- सम्म आम्दानी गरिरहेका छन् ।

दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षाको साथसाथै यस परियोजना मार्फत खानेपानी तथा सरसफाई र विपद जोखिम न्युनीकरण तथा प्रतिकार्य सम्बन्धमा समुदायको आवश्यकतालाई सम्बोधन गर्ने प्रयास गरिएको छ। झापा तथा मोरङ जिल्लामा यस परियोजना मार्फत गठन गरिएको ६ वटा विपद व्यवस्थापन समिति मध्ये ३ वटा यस वर्ष निर्माण गरी कार्ययोजना सहितको विपद व्यवस्थापन कार्यदलहरुको गठन गरिएको छ । साथै १ वटा सामुदायिक अन्न भण्डारको निर्माण गरी अनिकालको समयमा समुदायका सदस्यहरुको खाद्य सुरक्षाको सुनिश्चितता गर्ने काम पनि गरिएको छ । यस वर्षको बाढीबाट प्रभावित मोरङ जिल्लाका १५४ घरपरिवारहरुलाई आकष्मिक रुपमा राहत वितरण गरिएको छ । खानेपानी तथा सरसफाईको क्षेत्रमा ६ वटा 'हात धुलाई दिवस'हरुको आयोजना गरियो, जसमा ३४८ जना समुदायका सदस्यहरु (महिला-१९८, पूरुष-१५१) सहभागी भई व्यक्तिगत सरसफाई तथा स्वच्छ खानेपानीको आवश्यकताको बारेमा बुझ्ने अवसर प्राप्त गरेका थिए ।

दिगो जिविकोपार्जन तथा खाद्यसुरक्षाको क्षेत्रमा गरिएका थप कार्यक्रम तथा उपलब्धीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६**

| सिं.नं | क्रियाकलाप | इकाई | सँख्या |
|---|---|---|---|
| १ | कृषि व्यवसायमा आबद्ध समुहहरुलाई कृषि प्राविधिक सहयोग | समूह | १७ |
| २ | व्यवासायिक तरकारी खेतीका लागि सहयोग | घरधुरी | ३७ |
| ३ | व्यवसायिक तरकारी खेतीको लागि लघु सिँचाई सहयोग (होन्डा मेशिन तथा पानी तान्ने मोटर पम्प) | स्कीम | ४ |
| ४ | छोटो अवधिका सीपमूलक तालिम (सिकर्मी, डकर्मी, ढाकी-मुडा बुन्ने, बाइकरटिभीरमोबाइल मर्मत आदि) | व्याक्ति | ८ |
| ५ | जेटीए, सीएमए, एनम जस्ता प्राविधिक तालिमका लागि शैक्षिक सहयोग | व्याक्ति | १ |
| ६ | माछापालन व्यवसायका लागि सहयोग | घरधुरी | ५ |
| ७ | व्यवसाय स्थापना तथा विस्तारका लागि सहयोग | घरधुरी | ८ |
| ८ | अगुवा कृषकहरुलाई कृषि व्यवसायका लागि पावर टिलर सहयोग (१ थान) | लाभान्वित घरधुरी | १४ |
| ९ | खोर निर्माण सहित पशुपालन व्यवसायका लागि सहयोग | घरधुरी | २० |
| १० | विद्यालय तथा समुदायको नेतृत्वमा हात सरसफाई तथा 'हात धुलाई' सम्बन्धि सचेतीकरण अभियान | इभेन्ट | ६ |

| | | | |
|---|---|---|---|
| ११ | खानेपानीको श्रोत व्यवस्थापनका लागि कल (उच्च धारा) निर्माण सहयोग | स्कीम | २ |
| १२ | स्वच्छ खानेपानीको पहुँच अभिवृद्धिका लागि बायोस्याण्ड वाटर फिल्टर सहयोग | स्कीम | ७ |
| १३ | विपदबाट जोखिममा रहेका बस्तीहरुको पीसिभए सर्वेक्षण पश्चात विपद व्यवस्थापन समितिहरुको गठन तथा विपद व्यवस्थापन योजनाहरुको निर्माण, | वि.व्य.स | ३ |
| १४ | बाढीबाट प्रभावित विपन्न घरधुरीहरुलाई राहत सामग्री वितरण | लाभान्वित घरधुरी | १५४ |
| १५ | सामुदायिक अन्नभण्डारको निर्माण | समुदाय | १ |

### ३.२.२.३ **स्थानीय श्रोत साधनहरूमा अधिकारवालाहरूको पहुँच अभिवृद्धिः**

लक्षित वर्गको स्थानीय सेवा-सुविधा तथा श्रोतहरुमा पहुँच अभिवृद्धि तथा प्राप्तिका लागि स्थानीय सरकारी निकायहरु संवेदनशील बनाउनका लागि सिमान्तकृत समुदायका सदस्यहरु साथै निर्णय प्रक्रियामा पहुँच भएका सरोकार निकायका प्रतिनिधिहरुबीच मध्यथता गर्न विभिन्न कार्यक्रमहरु आयोजना गरिएको छन् । जसको कारणले सन्थाल तथा मुसहर समुदायका जनताहरुले समावेशी रुपमा स्थानीय (सरकारी वा गैह्रसरकारी निकायबाट) सेवा-सुविधा तथा श्रोतहरुको उपभोग गरिरहेका छन् र धेरै सन्थाल तथा मुसहर समुदाय लगायत लक्षित वर्गका जनताहरुले सामाजिक सुरक्षा भत्ता तथा सेवा प्राप्त गरिरहेका छन् ।

स्थानीय निकायमा सन्थाल-मुसहर जनप्रतिनिधिहरुलाई सेवा-सुविधा तथा अधिकार प्राप्तिका लागि क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गरिएको छ। साथै सन्थाल-मुसहर समुदायका समुदायमा आधारित सँस्थाहरुद्वारा स्थानीय, जिल्ला स्तरीय वा राष्ट्रिय तहमा अधिकार प्राप्तिका लागि कति पैरवीजन्य अभियानहरु सँचालन वा आयोजना गर्नको लागि प्राविधिक सहयोग प्रदान गरिएको छ । लक्षितवर्ग तथा सरोकार निकायबीचको मध्यस्थकर्ताको रुपमा निरन्तर रुपमा समन्वयत्मक वैठकहरु आयोजना गरिँदै आइएको छ, जसको कारणले सहकार्य र समन्वय पद्धतिको अवलम्बन गर्दै परियोजनाका क्रियाकलापहरुको प्रभावकारी रुपमा कार्यन्वायन गर्न सहज भएको छ ।सन्थाल तथा मुसहर समुदाय लगायत सिमान्तकृत वर्गका जटिल मुद्धाहरुको सम्बोधनका लागि दबाब सिर्जना गर्न मिडियासँगको सहकार्य पनि निरन्तर रुपमा लुथरन सामुदायिक कल्याण समाजले अगाडि बढाईराखेको छ ।

लक्षित वर्गहरुको समुदायमा आधारित सँस्थाहरुको दीर्घकालिन स्थायित्व तथा विकासका लागि प्राविधिक सहयोग गर्ने काममा निरन्तरता दिँदै आइएको छ । यसै सन्दर्भमा रंगेली नगरपालिका-२, लक्ष्मीपुर स्थित प्रतिबद्ध महिला उत्थान समाजको भवन निर्माणका लागि लुथरन सामुदायिक कल्याण समाजको तर्फबाट २ लाख बराबरको आर्थिक सहयोग प्रदान गरिएको थियो र बाँकी श्रोतहरु अन्य निकायबाट प्राप्त गर्नलाई प्राविधिक सहयोग प्रदान गरिएको थियो । थप संक्षिप्त कार्यक्रमहरुको उपलब्धी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७**

| **सिं.नं** | **क्रियाकलाप** | **इकाई** | **सँख्या** |
|---|---|---|---|
| १ | सामाजिक लेखा परीक्षण | बैठक | २ |

| | | | |
|---|---|---|---|
| २ | स्थानीय गाउँपालिका तथा नगरपालिकामा परियोजना तथा कार्यक्रमहरुको परिचयात्मक वैठक | वैठक | ४ |
| ३ | स्थानीय सरोकार निकायसँग परियोजनाको सामुहिक अनुगमन तथा मूल्याङ्कन भ्रमण | तालिम | २ |
| ४ | समुदायमा आधारित सँस्थाहरुलाई भवन निर्माणका लागि सहयोग ( प्रतिबद्ध महिला उत्थान समाज) | कार्यलय, भवन | १ |
| ५ | जनचेतनामुलक भित्तालेखन कार्यक्रम | वटा | ५ |
| ६ | स्थानीय, प्रादेशिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पैरवीका लागि सन्थाल मुसहरहरुलाई सहयोग | इभेन्ट | ३ |
| ७ | सन्थाल तथा मुसहर समुदायका् जनवकालत पैरवी तथा अधिकार प्राप्तिका लागि सँचार माध्यमहरुसँगको सहकार्य | महिना | ३ |
| ८ | अर्ध वार्षिक तथा वार्षिक परियोजना समीक्षात्मक वैठक | बैठक | २ |

## ३.३ अधिकारका लागि आवाज परियोजना Voice for rights - Linking Local to Global Advocacy (L2G)

### ३.३.१ परियोजनाको परिचय:

नेपालमा धेरै जातजातिका मानिसहरु बसोवास गर्दछन । करिव १२५ जातजातीका मानिसहरु भएको यस देशमा विविध खालका भाषाहरु बोलिन्छन । हरेक समुदाय र वर्गका आ आफनै भेषभुषा, कला र संस्कृतिहरु छन् । मुलुकको परिवर्तित राजनितिक सन्दर्भसंगै नेपाल अहिले संघीयता र समावेशी विकासलाई अवलम्बन गरिरहेको छ । विभिन्न जातजाति मध्ये प्रदेश नं. १ मा दलित, मुसहर र सन्थालहरुलाई सिमान्तकृत वर्गको रुपमा लिईएको छ । आर्थिक, सामाजिक र राजनीतिक हिसाबले उनीहरु वञ्चितिकरणमा परेका छन । परियोजनाले सशक्तिकरण मार्फत आफनो अधिकारको लागि आवाज बुलन्द गर्न यी सिमान्तकृत बर्गहरुको क्षमता बिकास गर्ने उदेश्यका साथ विशेषगरि मोरङ जिल्लामा सन्थालहरुलाई लक्षित गरि लुथरन विश्व फेडेरेसनसँगको सहकार्यमा **अधिकारका लागि आवाज** [*Voice for rights - linking local to global advocacy (L2G)*]परियोजना सँचालनमा ल्याईएको हो ।

मोरङ जिल्लामा कार्यान्वयन गरिने यो परियोजना अन्तरगत लक्षितवर्गहरुको सवालमा प्रमाणमा आधारित जनवकालत सञ्चालन गर्न अधिकारवालाको संगठन निर्माण, सुदृढीकरण र परिचालनमा विशेष जोड दिइएको थियो । जसकालागि काहुराष्ट नेपाल सँस्थासँग पनि निरन्तर सहकार्य हुँदै आएको छ ।

### ३.३.२ परियोजनाका प्रमुख उपलब्धीहरू:

#### ३.३.२.१ सन्थाल समुदायका विभिन्न सवालहरूको सर्वेक्षण:

‘अधिकारका लागि आवाज’ परियोजना मार्फत विशेषगरी नेपालको सिमान्तकृत आदिवासी समुदाय सन्थाल समुदायको समग्र आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थाहरुको मुल्याङ्कन गरी सन्थाल समुदायमा व्याप्त राज्यले ध्यान पुऱ्याउन नसकेका पक्ष तथा सवालहरुलाई भावी दिनमा सरोकारवाला निकायहरुको

तर्फबाट एकीकृत रुपमा सम्बोधन गर्न सहज होस् साथै ती सवालहरुलाई आवश्यक परेमा स्थानीय तहबाट राष्ट्रिय तह हुँदै अन्तर्राष्ट्रिय तहसम्म पैरवी गर्नका लागि मोरङ् जिल्लामा बसोबास गर्दै आएका सन्थाल समुदायको बीचमा सर्वेक्षण गरिएको छ। यस प्रतिवेदन तयार पार्दा सम्म जम्मा ८५५ वटा डाटाहरु सँकलन गरिएको छ ।

सर्वेक्षणका लागि लुथरन विश्व फेडेरेसन नेपाल तथा काहुराष्ट नेपालसँगको सहकार्यमा विशेष प्रश्नावली सहितको मोबाइल एप्लिकेशनको निर्माण गरिएको थियो र उक्त मोबाइल एप्लिकेशनको माध्यमबाट सुचनाहरु गाउँपालिका, नगरपालिका, वार्ड कार्यलयहरु, सहकारी, समुह, अन्य समुदायमा आधारित सँस्था लगायत सन्थाल घरधुरीका व्याक्तिगत प्रतिनिधिहरुसँगको अन्तरक्रियामार्फत सँकलन गरिएको थियो र अझै जारी छ। यस सर्वेक्षणबाट प्राप्त जानकारीहरुको विषयमा काहुराष्ट नेपालद्वारा सँयुक्त रुपमा प्रतिवेदन प्रकाशन गर्नेछ।

### ३.३.२.२ **प्रदेश नं. १ मा विश्वव्यापी आवधिक समीक्षा** (UPR Workshop)




यूपीआरकालागि नेपाली गैरसरकारी संस्थाहरूको सञ्जाल २९५ गैससको संयुक्त अभियान हो । विश्वव्यापी आवधिक समीक्षामा नेपालको समग्र मानवअधिकार अवस्थाको प्रतिवेदन तयार पारी संयुक्त राष्ट्रसंघ मानवअधिकारको उच्च आयुक्तको कार्यालय मार्फत मानवअधिकार परिषद्मा पेश गर्ने र नेपाललाई प्राप्त सुझावहरूको कार्यान्वयनको अवस्थाको नियमितरूपमा अनुगमन गर्नका लाीग सन् २००८ मा यो सञ्जाल स्थापना गरिएको हो । संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा यसअघि सन् २०११ र २०१५ मा दुई पटक नेपालको मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा (यूपीआर)मा सहभागी भैसकेको र नेपाल तेस्रो पटक आउँदो सन् २०२० को अक्टोबर-नोभेम्बरको सेसनमा सहभागी हुँदैछ। त्यसैगरी नेपाल सरकारको तर्फबाट उक्त समीक्षाकालागि प्रतिवेदन जुलाई २०२०मा र राष्ट्रिय मानवअधिकार संस्थाहरु तथा गैह्रसरकारी संस्थाहरु लगायतका अन्य सरोकारवालाहरुको प्रतिवेदन २०२० मार्चको दोस्रो हप्ताभित्र बुझाई सक्नुपर्ने प्रावधान रहेको छ ।

यसै सन्दर्भमा आगामी समीक्षामा नेपालको तयारीबारेमा छलफल गर्न यूपीआरकालगि नेपाली गैह्रसरकारी संस्थाहरूको सञ्जालको सचिवालय अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), यूपीआरकालागि महिला सञ्जालको सचिवालय महिला पुनस्थापना केन्द्र (ओरेक), नेपाल डर्वन रिभ्यू कन्फरेन्स फलोअप कमिटी ( डिआरसीएफसी) को सचिवालय राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च (निफ) र लुथरन सामुदायीक कल्याण समाज, मोरङ्को आयोजना र लुथरन वर्ल्ड फेडेरेसन लगायत अन्य दाता संस्थाहरुको सहयोगमा

प्रदेश १ स्तरीय "विश्वव्यापी आवधिक समीक्षाकालागि तयार गरिएको प्रतिबेदनको प्रारम्भिक मस्यौदा प्रस्तुती तथा छलफल" विषयक कार्यक्रम २०७६ मंसिर ३० गते विराटनगरमा सम्पन्न भयो ।

उक्त कार्यक्रम इन्सेक प्रदेश न १ का संयोजक श्री सोमराज थापाको अध्यक्षता र प्रमुख अतिथि प्रदेश सभा १ का उप-सभामुख माननीय श्री सरस्वती पोखरेलको उपस्थितिमा सम्पन्न भएको थियो । कार्यक्रमको उदेश्य तथा स्वागत डर्वान रिभ्यू कन्फरेनस फलोअप कमिटी (डिआरसिएफसि)का कृष्णकुमारी वाइबाले गर्नुभएको थियो । कार्यक्रममा अतिथिहरुको रुपमा प्रदेशसभा सदस्य माननीय लिलाबल्लभ अधिकारी र माननीय श्री बिन्दिया कार्की, माननीय श्री जयराम यादव, माननीय श्री सावित्रा रेग्मी, माननीय श्री यशोदा अधिकारी, माननीय श्री अम्बिका थापा, प्रमुख जिल्ला अधिकारी, प्रहरी कार्यालय तथा अन्य सरकारी संस्थाहरु र राष्ट्रिय मानव अधिकार आयोगका निर्देशक श्री मोहनराज जोशीलाई अतिथिकोरुपमा आमन्त्रण गरिएको थियो ।



त्यसै गरी महिलाअधिकारकर्मी, कानून व्यवसायी, पत्रकार, अपाङ्गता भएका नागरिकका अधिकारकारकर्मी, यौनिक अल्पसंख्यक अधिकारकर्मी, दलित अधिकारकर्मी, आदिवासी तथा जनजाति अधिकारकर्मी, भूमि अधिकारकर्मी, हरुवा चरुवा अधिकारकर्मी, मधेशी अधिकारकर्मी, धार्मिक अल्पसंख्यक र अन्य लोपोन्मुख जातिहरुको सहभागिता रहेको थियो ।

## ३.४ चर्चेज एण्ड इमर्जेन्सीज Churches & Emergencies (C&E)

### ३.३.१ परियोजनाको परिचयः

NELC / LCWS एक मानवीय क्षेत्रको रूपमा स्थानीय स्तरमा राष्ट्रिय स्तरमा पहिचान गर्न र चर्चको सदस्यहरूको क्षमता निर्माणको साथ विपत्ती तयारी र प्रतिक्रिया कार्यमा। यसैकारण २०२० को लागि पाइलटिंग परियोजनाको रूपमा, एनईएलसी / एलसीडब्ल्यूएसले धनपानलथान ग्रामीण नगरपालिका वार्ड 6 र जहदा गाउँपालिकाको वार्ड नं 4, 5 र 7 मा मा चर्च र इमर्जेन्सी (C&E) प्रोजेक्ट र प्रोजेक्ट कार्य क्षेत्र चलाइरहेको छ। परियोजनाको प्रमुख उद्देश्यहरू आपतकालिन प्रतिक्रिया र तत्परतामा NELC / LCWS को क्षमता विकास; CBDRM र ERP मा समुदायको विकास क्षमता अभिवृद्धि गर्ने, NELC / LCWS को प्रान्तीय र राष्ट्रिय स्तरको मानवीय क्षेत्र बीच एक मानवीय संगठनको रूपमा पहिचान र मान्यता, र सबै भन्दा राम्रो अभ्यासको संग्रह र सिक्नेको साझा गर्ने। आयोजनाका गतिविधिहरूको कार्यान्वयनका लागि एलडब्ल्यूएफ-नेपालले आयोजना शुरू भएदेखि नै सञ्चालन कार्यक्रमहरू र दिशानिर्देशहरू निर्माणमा प्राविधिक सुविधा उपलब्ध गराउँदै आएको छ।

### ३.३.२ चर्चेज एण्ड इमर्जेन्सीज परियोजना अन्तर्गत सम्पन्न भएको कार्यक्रम तथा उपलब्धीहरु:

३.३.२.१ सामुदायिक अन्न भण्डारको स्थापना(*Support communities to establish and operationalize community managed grain bank)*

धनपालथान गाउँपालिका, वार्ड नं. ६ स्थित २५ जना सदस्यहरु रहनेगरी विपद व्यवस्थापन समितिको गठन गरिएको थियो, जसमा ७ पुरुष तथा १८ महिलाहरु छन् । पीसीभीए समीक्षा पश्चात गठन गरिएको उक्त विपद व्यवस्थापन समितिको वार्षिक कार्ययोजनालाई सम्बोधन हुने गरी अन्न भण्डार निर्माणका लागि परियोजना मार्फत सहयोग प्रदान गरिएको हो ।
विपद जोखिम तथा न्युनीकरणमा समुदायका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न र प्रकोपको समयमा सुरक्षा शुद्ध उपायहरू पहुँच गर्न, बालुबादी डीएमटीले सामुदायिक अनाज बैंक निर्माण गर्दैछ। अहिलेको लागि, अनाज बैंकको निर्माण कार्य जारी छ। अनाज बैंक पूरा भएपछि यसमा १२०० किलोग्राम धान भण्डार गर्ने योजना छ, जसबाट प्रत्यक्ष लाभान्वितहरू 52 जना छन्।

एनएलसी / एलसीडब्ल्यूएसको साथ अनाज बैंक दिशानिर्देशहरूको एक कागजात आवश्यकता नियम र सर्तहरूको साथ विकसित गरिएको छ; र अनाज बैंक तैयार मार्गनिर्देशनहरूको आधारमा कार्य गर्दछ। स्थानीय समुदायमा स्थापना गरिएको बलुबादी डीएमटी पूर्ण रूपमा जिम्मेवार र जवाफदेही हुनेछ डीएमटीको कार्यका लागि र भविष्यका लागि उपयुक्त मर्मतको लागि।

३.३.२.२ ***Construct and operationalize emergency evacuation center (multipurpose) at strategic location,***

Jahada ग्रामीण नगरपालिका वडा नम्बर 5 सोहल Tole मा 40/24 feet फिट साइजको चर्च निर्माण भइरहेको छ। Church. चर्चको पहिलो तल्ला विपत्तीमा ग्रस्त समुदायका सदस्यहरुलाई अस्थायी आश्रय (निकासी केन्द्र) प्रदान गर्न निर्माण गरिने छ। भवनको पहिलो तल्लामा पुरुष र महिलाका लागि दुई कोठा हुनेछन् र 40 जनाले एक पटकमा दुईवटा कोठामा शरण लिन सक्नेछन्। लुथरन कम्युनिटी वेलफेयर सोसाइटी र स्थानीय नेपाल इभान्जिकलल लुथरन चर्चको संयुक्त प्रयासको साथ निर्माणको काम पूरा भएपछि भवनमा विपद्सँग सम्बन्धित सामग्री / उपकरण र गैर-खाद्य सामग्री भण्डार गर्ने योजना छ, विपदको समयमा प्रयोग गर्न्।

सामुदायिक भवनको निर्माण पछि, यो भवन आपतकालिन अवस्थामा मात्र नभई अन्य सामाजिक कार्यक्रमहरूको लागि पनि प्रयोग गरिनेछ। भवनको निर्माणले समुदायको भौतिक संरचनामा पहुँच बढाउनेछ र समुदायका सदस्यहरूले पनि विभिन्न सामाजिक मुद्दाहरूमा छलफल गर्न सक्नेछन्। यस चर्चको भवन निर्माणको उद्देश्य प्रार्थनाको घर मात्र होइन तर विपत्तिबाट प्रभावित सबैका लागि आश्रय पनि हो। त्यहाँ पुरूष र महिलाहरूको लागि छुट्टै बस्ने र बाथरूमको व्यवस्था हुनेछ, रसोईघर, र पिउने पानी र सरसफाइ सुविधाहरूको लागि उच्च सतर्कता।

३.३.२.३ ***NELC/LCWS*** को आपतकालिन कोषको निर्माण तथा परिचालन ***Establish and operationalize emergency basket fund at NELC/LCWS,***

एनईएलसी, एलडब्ल्यूएफ-नेपाल र एलसीडब्ल्यूएस प्रतिनिधिहरूसँग दुई दिनसम्म चलेको बैठकपछि NELC/LCWS मा आपतकालीन टोकरी कोष सञ्चालनका लागि दिशानिर्देशहरूको एक कागजात तयार पारिएको छ। दिशानिर्देशको विकासका लागि एक सहजकर्ता Shre Rituvarna Silwal लाई काममा लिइएको थियो। बास्केट कोषको स्थापनाका प्रमुख उद्देश्यहरू हुन्:

- प्रकोपबाट हुने मानवीय पीडा कम गर्ने,
- आपतकालको अवस्थामा सहयोग,
- Disaster प्रतिक्रिया, पुनःस्थापना, र प्रकोपबाट प्रभावित समुदायहरूको पुनःनिर्माणका लागि सहयोग पुर्‍याउन,
- समुदाय र चर्चका सदस्यहरूको आपतकालीन आवश्यकताहरूको जवाफ दिन,
- आपतकालको बेला सबै तहमा सरकारसँग सहयोग र सहकार्य गर्न,
- आपतकालको स्थितिमा स्थानीय स्तरको सरोकारवाला / संस्थाहरूलाई सहयोग र सहयोग गर्ने।

बास्केट फन्डमार्फत खाद्य पदार्थ वितरण वितरण र Rangeli नगरपालिका २ Morang का मजदुरहरुलाई राहत सहयोगको रूपमा गरिएको छ, जुन देश तालाबन्दीका कारण फसेका थिए। मोरन्ड जिल्लाको रंगेली नगरपालिका २ मा सडक निर्माण कार्य द्रुत गतिमा अघि बढिरहेको थियो। सडक र पुलहरू निर्माण गर्न देशका विभिन्न ठाउँबाट कामदारहरू आएका थिए। कामदारहरू पश्चिमी जिल्ला रुकुम, जाजरकोट, कैलाली, रामेछाप, र पूर्वी जिल्ला Taplejung र गायघाटबाट आएका थिए। कोरोनाभाइरस संक्रमणको जोखिम रोक्न र नियन्त्रण गर्न, सरकारले मार्च २ मा देशव्यापी लकडाउन घोषणा गर्‍यो। लकडाउनको कारण, यातायातका सबै साधनहरू चालू हुन छाडे। ठेकेदार र कामदारलाई रोजगार दिने कम्पनीका मालिक र ईन्जिनियरहरू जिल्ला प्रशासन कार्यालयबाट पास भएपछि घर फर्के। तर त्यहाँ कामदारहरूले आफ्नो घर फर्कनका लागि यातायातको व्यवस्था गर्न पहल गर्ने कोही पनि थिएन। जसका कारण श्रमिकहरू आफ्नो पाल भित्र काम गर्ने ठाउँमा बस्न बाध्य भए।

लुथरन कम्युनिटी वेलफेयर सोसाइटीले 77 कामदार (71 पुरुष र 6 महिला) लाई राहत वितरण गरेको छ जसको माध्यमबाट उनीहरूले १० दिनसम्म खाना पाउन सक्छन्। चामल, दाल, नुन, तेल र तरकारीहरू र सरसफाईको लागि साबुन जस्तो खाद्यान्न वस्तुहरू प्रत्येक कामदारलाई वितरण गरिएको छ। यसै गरी, एनएलसी चर्चका सदस्यहरूलाई 95 HHs ले देशको तालाबन्दीमा समस्या समाधान गर्न खाद्यान्न सामग्री वितरण गरिएको छ। चर्चका सदस्यहरूलाई वितरण गरिएको खाद्यान्नको प्याकेज २० किलोग्राम चावल, २ किलको दाल, १ लिटर तेल, १ किलोग्राम नुन र १ टुक्रा लाइफबुय साबुन थियो।

### ३.३.२.४ प्रादेशिक तथा स्थानीय सरकारलाई आपतकालिन तयारी तथा प्रतिक्रिया योजना निर्माणका लागि सहयोग *Support to implement province/district level disaster resilient plan,*

'चर्च र आपतकालिन' परियोजनामार्फत लुथरन समुदाय कल्याण समाज र धनपालथान आरएम कार्यालयको संयुक्त पहलले ग्रामीण नगरपालिका स्तरको 'आपतकालीन तयारी र प्रतिक्रिया' योजना तर्जुमा गरेको छ। प्रारम्भमा, धनपल्थान आरएमका सबै ards वडामा प्रकोप जोखिम न्यूनीकरण र प्रतिक्रिया योजना सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजित गरिएको थियो। अभिमुखीकरण कार्यक्रम पछि सबै w वडामा वडा तह प्रकोप व्यवस्थापन समिति गठन गरियो र ग्रामीण नगरपालिका स्तरमा पनि अभिमुखिकरण कार्यक्रमको आयोजना गरी एक ग्रामीण नगरपालिका स्तरको आपदा व्यवस्थापन समिति गठन गरियो। ग्रामीण नगरपालिकाको वडामा प्रकोप स्थिति र तत्परता र प्रतिक्रिया क्षमता सम्बन्धी सूचनाको विश्लेषण, संकटासन्नता मानकीकरण र वार्ड टोलहरूको विश्लेषण, धनपालथान आरएमका प्रमुख खोलाहरु र नदाहरुमा क्षति पुर्‍याउने मुख्य ठाउँहरु बारे जानकारी र पूर्वानुमान धनपालथान ग्रामीण नगरपालिका क्षेत्रको प्रकोपबाट प्रभावित लक्षित जनसंख्या, Rural Municipality स्तरको 'आपतकालीन तयारी र प्रतिक्रिया योजना' सक्रिय सहभागिता र आरएम स्तरका प्रतिनिधिहरूको सहयोगमा विकसित गरिएको छ।

धनपालथान ग्रामीण नगरपालिकाको लागि EPRP को विकास बाहेक; कोविड-19 प्रतिक्रिया कार्य प्रान्त स्तर र स्थानीय ग्रामीण नगरपालिका / नगरपालिका स्तरमा पनि सम्पन्न भयो। विराटनगर (प्रान्तीय स्तर) मा स्थापित कोविड-19 अस्पतालले अस्पताल भित्र विद्युतीय प्रणालीको उचित व्यवस्थापनका लागि हेलियोज यूपीएसलाई सहयोग गरेको छ। कोभिड-19 लाई स्थानीय स्तरको सरकारको जवाफमा पनि; Mrang जिल्लाको जहादा ग्रामीण नगरपालिका, धनपालथान ग्रामीण नगरपालिका, रंगेली नगरपालिका, सुनबरशी नगरपालिका र कानेपोखरी ग्रामीण नगरपालिकालाई क्वारन्टाइन केन्द्रमा प्रयोग गर्न मेडिकल आईटम प्रदान गरिएको छ। Rural Municipality लाई प्रदान गरिएका मेडिकल आईटमहरू १२ पीपीई सेट, 3000 मास्कको सेट, 500 ग्लोभ्स, 25 लिटर सेनिटाइज, र लाइफबॉय साबुनको 500 प्याकेटहरू हुन्। यसैबीच कोरोनाभाइरस नियन्त्रण र रोकथामका लागि ईदको उत्सवको अवसरमा विराटनगर शहर नजिकैको मुस्लिम समुदायलाई १००० Piece मेडिकल मास्क वितरण गरिएको छ।

## ४. तस्वीरमा परियोजनाका झलकहरू:



*कानेपोखरी गा.पा १ विसनपुर होक्लाबारीमा वि.व्य.स.द्वारा निर्मित सामुदायिक अन्नभण्डार ।*



*समुह तथा वि.व्य.स.द्वारा जहदा गाउँपालिका वार्ड नं. ५ सोहल टोलमा स्थापना गरिएको सहकारी ।*





*जहदा गा.पा. ५ सोहल टोलमा वि.व्य.स.को कार्ययोजना अनुसार निर्माण गरिएको कृषि सडक ।*





*जहदा गाउँपालिका ७ तथा ५ का बाढीपीडितहरुलाई राहत वितरण कार्यक्रम ।*





*जहदा गा.पा ५ सोहलटोलका समुह सदस्यहरुलाई ढाकी तथा नाङ्लो बुनाई तालिम पछि लिइएको सामुहिक तस्वीर र विक्रीका लागि तयार ढाकीहरु ।*




*खोर निर्माण सहितको पशुपालन तथा व्यापार व्यवसाय स्थापना कार्यक्रम ।*




*इटहरीमा आयोजित प्रथम दलित संसद गोष्ठीमा प्रदेश नं. १ का मूख्यमन्त्रीज्यूलाई सँस्थागत ज्ञापनपत्र बुझाउँदै नेपाल ऋषिवंशी विकास संघ झापाका अध्यक्ष श्री सोनेलाल ऋषिदेव ।*




*रँगेली नगरपालिका २ स्थित श्री लक्ष्मी आधारभूत विद्यालयमा निर्माण गरिएका बालबालिका तथा अपाङ्गमैत्री शौचालय ।*






*नेपाल ऋषिवंशी जनकल्याण संघ-मोरङ्को आयोजनामा सम्पन्न वार्षिक केन्द्रीय साधारण सभा तथा जातिय सँस्कृति प्रबर्द्धनात्मक गोष्ठी कार्यक्रम ।*



*कृषि व्यवसाय विस्तारका लागि धनपालथान ३ डकुवाडाँगाका अगुवा कृषकहरुलाई पावर टिलर हस्तान्तरण गरिँदै ।*



*व्यापार व्यवसाय स्थापना सहयोग कार्यक्रम प्राप्त कमल गा.पा झापाकी समुह सदस्य ताला टुडु स्थानीय हाटमा सामान विक्री गर्दै ।*





*व्यवसायिक तरकारी खेतीमा रमाइरहेका रंगेली-८ दर्वेशा मोरङ्का अगुवा कृषक दम्पति श्री राम बास्की र उनको श्रीमती ।*



*नागरिकता प्राप्त गरेपछि प्रसन्न मुद्रामा मुसहर (ऋषिदेव) युवाहरु ।*



*रँगेली नगरपालिका क्षेत्रका अपाङ्ग व्याक्तिहरुलाई उपमेयर केशवकुमारी खरालको बाहुलीबाट ह्वील चेयर वितरण कार्यक्रम ।*



*रँगेली नगरपालिका-२ लक्ष्मीपुर स्थित प्रतिबद्ध महिला उत्थान समाजको भवन उद्घाटन समारोह ।*

**कोभिड-१९ संक्रमणको जोखिम तथा प्रतिकार्यका लागि गरिएका क्रियाकलापहरुको तस्वीर:**




*कोभिड-१९सँग लड्नका लागि आवश्यक मेडिकल सामग्री ग्रहण गर्दै रंगेली नगरपालकाका मेयर दिलिप कुमार अग्रवाल तथा कानेपोखरी गाउँपालिका मेयर ताराप्रसाद काफ्ले ।*




*प्रदेश नं. १ विराटनगर स्थित कोभिड-१९ अस्पतालको प्रयोजनका लागि सहयोग सामग्री ग्रहण गर्नुहुँदै सामाजिक विकासमन्त्री जीवन घिमिरे ।*

***Thank you!***